ढकारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ढकारी, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

मिति:- २०८२/०३/२९

## प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रगति प्रतिवेदन ।
## आ.व. २०८१/०८२

१. परिचय:

ढकारी गउँपालिकामा आ.व. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम, अन्तर्गत यस ढकारी गाउँपालिकामा ८० जना बेरोजगार व्यक्तिहरु १०० दिनको रोजगारीमा संलग्न भएका थिए । प्रधानमन्त्री रोजगार कार्यक्रम (नेपाल सरकार) आयोजनामार्फत ४० जना र यूवा रोजगारीका लागि रुपानतरण आयोजनामार्फत ४० जना समावेश भएका थिए । प्रधानमन्त्री रोजगार कार्यक्रम (नेपाल सरकार) अन्तर्गत १२ आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (आई.डि.ए विश्वबैंक) आयोजनामार्फत ११ आयोजना गरी जम्मा २३ वटा आयोजनामा रोजगारी सृजना भएको छ । आ.व. २०८१/०८२ को प्रगति विवरणका रुपमा यस प्रतिवेदनलाई प्रस्तुत गरिएको छ ।

२. सञ्चालन क्रियाकलाप:

क) **रोजगार सेवा सुदृढीकरण:** यस आ.व. मा रोजगार सेवा केन्द्रको सुदृढीकरणतर्फ थप टेवा पुगेको छ । गउँपालिकामा एक महत्वपूर्ण शाखाको रुपमा रोजगार सेवा केन्द्रलाई लिईएको छ । सुदृढीकरणका लागि विभिन्न क्षेत्रसंग सम्पर्क, समन्वयलाई जोड दिईएको छ । सेवा केन्द्रबाट बेरोजगार व्यक्तिले प्राप्त गर्ने सेव सुविधाका बारेमा प्रचारप्रसार गर्नुका साथै वेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन आवश्यक कार्यक्रम कार्यान्वयन गरिएको छ ।

ख) **रोजगार व्यवस्थापन सूचना प्रणालिको विकास:** यस गाउँपालिकामा रोजगारीका लागि आवेदन दिएका १६१४ जना वेरोजगार व्यक्तिलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत गरिएको छ । यसमा ५७२ जना पुरुष र १०४२ जना महिला रहेका छन । सोहिबमोजिम प्राथमिक्ताक्रमको आधारमा यसबर्ष ८० जनालाई रोजगारीमा खटाईएको छ ।

ग) **आयोजनामार्फत रोजगारी प्रबर्द्धन:** यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम (नेपाल सरकार) अन्तर्गत प्राप्त सशर्त अनुदान रु. २६,८०,०००/- र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (आई.डि.ए विश्वबैंक) अन्तर्गत प्राप्त सशर्त अनुदान रु. २६,७२,०००/- गरी जम्मा रु. ५३,५२,०००/- बजेट रहेको थियो । प्रधानमन्त्री रोजगार कार्यक्रम (नेपाल सरकार) बाट ४० जनाले १०० दिन रोजगारी पाएका थिए र युवा रोजगारीका लागि

रुपान्तरण पहल आयोजना (आई.डि.ए विश्वबैंक) बाट ४० जनाले ५० दिन कार्यस्थलमा आधारित सिप विकास तालिममा संलग्न भएका थिए भने ५० दिन रोजगारी पाएका थिए । स्थानीय तहको साझेदारी आयोजनामा लाग्ने निर्माण सामाग्री खरिदका लागि रु. २२,०००००/- (बाईस लाख) रुपैया विनियोजन गरिएको थियो ।

**बजेट ईष्टिमेट अनुसार आयोजनाहरु :**

| क्र.सं. | आयोजनाको नाम | ठेगाना/वडा नं. | बजेट ईष्टिमेट अनुसार | | संलग्न श्रमिक संख्या |
|---|---|---|---|---|---|
| | | | प्रधानमन्त्री रोजगार कार्यक्रम (नेपाल सरकार) | युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (आई.डि.ए. विश्वबैंक) | |
| १ | ओखडारुख खा पा र ढकारी स्वास्थ्य खा पा मर्मत | ढकारी - १ | ६९९६५.२८ | ० | १ |
| २ | डाडाचिउरा पिपल चौतारा मर्मत | ढकारी - ८ | ० | ७००२१ | २ |
| ३ | डाडाचिउरा पिपल चौतारा मर्मत | ढकारी - ८ | २८००८२.१२ | ० | ४ |
| ४ | धानटुकरी सिचाईं पोखरी मर्मत | ढकारी - ८ | ० | १०८३६३.०८ | ३ |
| ५ | धानटुकरी सिचाईं पोखरी निर्माण | ढकारी - ८ | ७००६५.२३ | ० | १ |
| ६ | थारा कुलेथान र मय कुलेथान मर्मत | ढकारी - ६ | ० | १७५५६९ | ५ |
| ७ | थारा कुलेथान र मय कुलेथान मर्मत | ढकारी - ६ | ३५११३७.१८ | ० | ५ |
| ८ | नाउली सिचाईं कूलो तथा पोखरी मर्मत | ढकारी - ५ | ० | १०४९८७ | ३ |
| ९ | नाउली सिचाईं कूलो तथा पोखरी मर्मत | ढकारी - ५ | १३९९८२.०७ | ० | २ |
| १० | खारपानी सिउडिखेत सिचाईं कूलो मर्मत | ढकारी - ५ | ० | ७००३२ | २ |
| ११ | अमरसेन सिचाईं कूलो मर्मत | ढकारी - ५ | २१११६२.५९ | ० | ३ |
| १२ | कागेश्वरी आ वि घेरापर्खाल तथा दलित टोल खा पा मर्मत | ढकारी - ४ | ० | १७५३२६ | ५ |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | कागेश्वरी आ वि घेरापर्खाल तथा दलित टोल खा पा मर्मत | ढकारी - ४ | ३५०६५२.०८ | ० | ५ |
| १४ | जुकेपानी बागबेते ग्रामिण सडक मर्मत | ढकारी - ३ | ० | ७०२६२ | २ |
| १५ | जुकेपानी बागबेते ग्रामिण सडक मर्मत | ढकारी - ३ | २१०७८४.७३ | ० | ३ |
| १६ | जयपानी मूहान ठुलासैन खा पा तथा गोरेटो बाटो निर्माण | ढकारी - ३ | ० | १०५००२ | ३ |
| १७ | जयपानी मूहान ठुलासैन खा पा तथा गोरेटो बाटो निर्माण | ढकारी - ३ | १४०००३.०५ | ० | २ |
| १८ | हिच्मा गोरेटो बाटो र सरस्वती आ वि खा पा मर्मत | ढकारी - २ | ० | १७५४२९ | ५ |
| १९ | ओखडारुख खा पा र ढकारी स्वास्थ्य खा पा मर्मत | ढकारी - १ | ० | १७४९१३ | ५ |
| २० | हिच्मा गोरेटो बाटो र सरस्वती आ वि खा पा मर्मत | ढकारी - २ | ३५०८५७.५५ | ० | ५ |
| २१ | घोडाखाद सल्लेरी र थारम गोरेटो बाटो मर्मत | ढकारी - ७ | ० | १७८३०३ | ५ |
| २२ | घोडाखाद सल्लेरी र थारम गोरेटो बाटो मर्मत | ढकारी - ७ | ३५६६०५.७८ | ० | ५ |
| २३ | श्रीपाते मूहान दलित टोल खा पा निर्माण | ढकारी - १ | २८१८६७.१४ | ० | ४ |
| | | | २८,१३,१६४.८ | १४,०८,२०७.०८ | ८० |
| जम्मा | | | ४२,२१,३७१.८८ | | |

सञ्चालित २३ वटा आयोजनाहरुमा ४० जनाले १०० दिन बराबरको रोजगारी प्राप्त गरेका थिए भने ४० जनाले ५० दिन कार्यस्थलमा आधारित सिप विकास तालिम र ५० दिन रोजगारी पाएका थिए छन् ।

३. र्यक्रमको कार्यान्वयन प्रक्रिया :

प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वियनका सन्दर्भमा ऐन, नियमावली, निर्देशिका, कार्यविधि र मन्त्रालयबाट जारी परिपत्रहरुलाई मुख्य आधारको रुपमा लिईएको छ ।आयोजनाको सञ्चालन गर्दा वडास्तरबाट छनोट भएका आयोजनालाई गाउँ कार्यपालिकाबाट निर्णय गराई मन्त्रालयबाट गरिएको प्राथमिकीकरणका आधारमा सञ्चालन गरिएको छ । आयोजनाको कार्यान्वयन सम्बन्धमा गाउँ कार्यपालिका र स्थानीय निर्देशक समितिको बैठक बसि निर्णय गरिएको र सोहि बमोजिम कार्यान्वयन गरिएको छ ।

४. उपलब्धि :

यस गाउँपालिकामा आ.व. २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रमका उपलब्धिहरु यस प्रकार रहेका छन् :

- रोजगार सेवा केन्द्रको थप सुदृढीकरण
- रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी व्यवस्थापन
- १६१४ जना बेरोजगार व्यक्तिहरु रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकरण
- ४० जनालाई १०० दिन बराबरको रोजगारी प्रदान
- ४० जनाले ५० दिन कार्यस्थलमा आधारित सिप विकास तालिम र ५० दिन रोजगारी प्रदान
- २३ वटा सामुदायिक आयोजनामार्फत सामुदायिक विकास
- जनस्तरमा कार्यक्रमप्रतिको उत्साह अभिबृद्धि

५. निष्कर्ष :

यस आ.व. २०८१/२०८२ मा रोजगार सेवा केन्द्रको सबलीकरणका क्षेत्रमा केहि महत्वपूर्ण प्रयासहरु भएको छ यद्यपि रोजगार व्यवस्थापन सूचना प्रणालीलाई थप व्यवस्थित गर्नु आवश्यक देखिएको छ । सेवा केन्द्रमा थप साधनस्रोत र जनशक्तिको व्यवस्थापन हुन आवश्यक छ। आयोजना सञ्चालनमा केही व्यवधानहरु देखा परेको भएपनि आयोजनाहरु शतप्रतिशत सम्पन्न भएका छन । कार्यक्रमप्रति स्थानीय स्तरमा देखिएको उत्साहले आगामि दिनमा समेत कार्यक्रमको प्रभावकारिता हुने देखिन्छ ।

..............................

प्रेम बहादुर साउद
रोजगार संयोजक

प्रेम बहादुर साउद
रोजगार संयोजक